नेपाल सरकार
ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय

# विद्युत विकास विभाग

(अनुमतिपत्र महाशाखा)

फोन नं. ४५३४१११
४५११५३७
४५११५०१

फ्याक्स (९७७-१)-४५३९९०३
पोष्ट बक्स नं. २५००७
सानोगौचरण काठमाडौं, नेपाल


पत्र संख्या :- ०८२/८२
च. नं. :- ६२६

मितिः २०८२/०७/२५

श्री फिनभेस्ट इनर्जी प्रा.लि.,
काठमाडौं-३०, डिल्लीबजार, नेपाल।
फोन नः

विषयः विद्युत उत्पादनको सर्वेक्षण अनुमतिपत्रको दरखास्त सम्बन्धमा ।

प्रस्तुत विषयमा तहाँबाट प्रस्तावित जेउली र बहुली गढ जलविद्युत आयोजनाको विद्युत उत्पादनको सर्वेक्षण अनुमतिपत्रको दरखास्त सम्बन्धमा पेश भएको दरखास्त माथि कारबाही हुँदा संचालनमा रहेको जेउली गाड साना जलविद्युत आयोजना सँग प्रस्तावित आयोजना आंशिक रूपमा दोहोरो परेको देखिएकोले सो सम्बन्धमा प्रवर्द्धकको प्रस्टीकरण पैतिस (३५) दिनको समयावधि भित्र पेश गर्न हुन तथा प्रस्तावित आयोजनाको जडित क्षमता दश (१०) मे.वा. भन्दा बढी हुने देखिएकोले विद्युत आयोजनाको अनुमतिपत्र सम्बन्धी निर्देशिका, २०७५ (पाँचौ संसोधन) को दफा १० को उपदफा (२) र (३) को व्यवस्था बमोजिम निम्न विवरणहरू पैतिस (३५) दिनको समयावधि भित्र पेश गर्न हुन यस विभागको मिति २०८२/०७/२० गतेको निर्णयानुसार जानकारी गराइन्छ।

क) विद्युत नियमावली, २०५० को अनुसूची-११ मा उल्लिखित थप सर्वेक्षण अनुमतिपत्रको दस्तुर,
ख) परिमार्जित डेस्क स्टडी प्रतिवेदन(प्रत्येक पानामा दुवै परामर्शदाता र प्रवर्द्धकसंस्थाको छाप र आधिकारिक व्यक्तिको दस्तखत सहितको),
ग) प्रवर्द्धक कम्पनीको शेयरवाला दर्ता किताबको नोटराइज प्रतिलिपि,
घ) प्रवर्द्धक कम्पनीको आ.व. २०८१/८२ को कर चुक्ता प्रमाण पत्र (नोटराइज प्रतिलिपि),
ङ) प्रवर्द्धक कम्पनी अध्यावधिक सम्वन्धी कम्पनी रजिष्ट्रारको कार्यलयबाट जारी पत्र (नोटराइज प्रतिलिपि),
च) प्रवर्द्धक कम्पनीको कम्तिमा अघिल्लो दुई आर्थिक वर्ष मध्ये एक आर्थिक वर्षको लेखा परीक्षण गरिएको वित्तीय विवरण,
छ) प्रवर्द्धकको तर्फबाट सम्पर्क वा पत्राचार गर्न तोकिएको आधिकारिक/अख्तियारी प्राप्त व्यक्ति, पत्राचार गर्ने स्पष्ट ठेगाना (पोष्ट बक्स नं. इमेल) सम्बन्धमा संचालक समितिको बैठकको निर्णयको सक्कल वा प्रमाणित प्रति र अख्तियारी प्राप्त व्यक्तिको प्रमाणित परिचय पत्रको नोटराइज प्रति एवं सम्पर्क नं.,
ज) विभागबाट तोकिएको ढांचामा प्रवर्द्धक कम्पनीको UDIN no समेत खुलेको नेट वर्थ प्रमाण र सो लाई पुष्टि हुने कागजात/विवरणहरू,
झ) नेट वर्थ तयार गर्ने सि.ए संस्थाहरुको अध्यावधिक कर चुक्ता प्रमाण पत्र, दर्ता सम्वन्धी कागजात तथा नवीकरण भएको निस्साको नोटराइज गरिएको प्रतिलिपि।

(सुरेश प्रसाद ठाकुर)
इन्जिनियर